जि.प्र.का. सप्तरी द.नं. ९९/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक १२० २०८० साल मंसिर २३ गते शनिबार (9 Dec. 2023 Saturday) मूल्य रु. ५/-

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : प्राधिकरणले बेच्यो १५ अर्ब २४. ३ पृष्ठमा : मुस्ताङबाट ४९ करोडको स्याउ. ३ पृष्ठमा : अमेरिकी निर्यात नियन्त्रण...

# मालपोत कार्यालयबिरुद्ध अख्तियारमा उजुरी



**दैनिक समाचारदाता राजविराज, २२ मंसिर ।**

भूमिसुधार तथा मालपोत कार्यालय राजविराज बिरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । घुस बिना सेवाग्राहीहरुको कुनै काम नहुने भन्दै सचेत नागरिकको नामबाट परेको सो उजुरीपछि कर्मचारीमाथि छानबिन सुरु भएको छ ।

उजुरीमा घुस नदिँदा समान्य कामका लागि ३/४ दिन झुलाउने गरेको, घुस दिँदा आजको आजै काम गर्ने गरेको, घुस नदिँदा विवरण समेत गलत पार्ने गरेको, एउटा फाँटमा घुस दिएर काम गराउदा पनि अर्को फाँटबालाले लालपूर्जा दिन अनाकानी गर्दै हप्ता दिन समय लगाउने गरेको उल्लेख छ ।

आयोगले उजुरीमा उल्लेखित विषयहरुमा १५ दिनभित्र छानविन गरी राय प्रतिक्रियासहितको प्रतिवेदन पेस गर्न भूमि व्यवस्थापन तथा अभिलेख विभागलाई पत्राचार गरेको छ । सोही अनुसार विभागले मालपोत कार्यालयमा पत्राचार गरेको छ । पत्राचार गरिएको पत्रमा गलत कामकारबाहीहरु हुन नदिन कार्यालय प्रमुखलाई निर्देशन दिदै कहिकत्तै भए गरेको पाइएमा अविलम्ब कारबाही अगाडी बनाउनु उल्लेख छ ।

कार्यालय प्रमुख शिवशरण पण्डितले सो पत्रमा उल्लेखित विषयहरुमा आवश्यक प्रक्रिया अघि बढाएको जानकारी दिँदै पत्रमा उल्लेखितअनुसार सम्बन्धित फाँटसँग पनि जवाफ मागेका छन् ।

यसअघि सप्तरीको महादेवा गाउँपालिका वडा नं. ४ निवासी योगेन्द्र प्रसाद साहले मंसिर १० गते बुबा, आमाको नाममा दर्ता रहेको जग्गा नियमअनुसार सबै प्रक्रिया पुऱ्याएर आफ्नो नाममा जग्गा नामसारी गराउन खोज्दा लेखापढी व्यवसायी र मालपोतका केही कर्मचारीका कारण निकै समस्या भोग्नु परेको भन्दै बाध्य भई लेखापढी समितिबाट रु. ५ हजारको नगद रसिद काटेका थिए ।

आफ्नो पीडालाई बोध गर्दै पीडित साहले लेखापढी समिति र कार्यालयका कर्मचारी बिरुद्ध जिल्ला प्रशासन कार्यालय सप्तरीमा निवेदन समेत दर्ता गराए । दर्ता गरिएको निवेदनमा जग्गा नामसारीको लागि अनलाइन फाराम समेत भरी भुमिसुधार तथा मालपोत कार्यालय राजविराज सप्तरीमा कार्यरत खरिदार महेश यादवलाई बुझाएकोमा उनले फायल हेरी लोखापढी संघको नगदी रसिद काट्न लगाएको तथा उक्त रकम के को लागि सोध्दा फायल फ्याली हप्काएपछि बाध्य भई आफूले ५ हजारको नगद रसिद काटेकोले लेखापढी समितिका पदाधिकारी र मालपोतका कर्मचारीलाई कारवाही गरि रकम फिर्ता गर्न माग समेत गरेका थिए ।

सेवाग्राहीले आफै काम गराउन खोज्दा लेखापढी ब्यवसायी र केही कर्मचारीको दबदबाका कारण नियमसम्वत हुनु पर्ने काम पनि एक दुई दिनमा हुने काम महिनोसम्म लम्बिने गरेको सेवाग्राहीको गुनासो छ ।

नेपाल सरकारले २०७८ साल मंसिर १५ गतेदेखी भू-सेवा (कम्प्युटर प्रणाली) केन्द्रबाट मालपोत कार्यालयको सम्पूर्ण काम गराउने व्यवस्था मिलाएको छ र सोही अनुसार मालपोत कार्यालय सप्तरीमा पनि २०८० साल साउन महिनादेखी सम्पूर्ण सेवा भु-सेवा मार्फत नै हुने गरेको छ ।

यद्दपी कुनै कागजातमा लेखापढीको हस्ताक्षर गर्नुपर्ने आवश्यकता नभएपनि उनीहरुले जबरजस्ती सेवाग्राहीलाई झुक्याई, निवेदन लेखी आफ्नो समितिमा मनोमानी तरीकाबाट जग्गा खरीद बिक्रि, रजिष्ट्रेशन, दाखा र नामसारी, जग्गा रोक्का लगायतका कार्यका लागि प्रत्येक सेवाग्राहीबाट रु. ३ हजार देखी रु. ५ हजारसम्मको रसिद काट्न लगाई पुनः सोही निवेदनमा सेवाग्राहीबाट थप ५ सय रुँपैया तिराई भु-सेवामार्फत काम गराउने गरेका छन् ।

यसैबीच कार्यालय प्रमुख शिवशरण पण्डितको गत कार्तिक १५ गते नै जिल्ला प्रशासन कार्यालय, रौतहट पदस्थापन भइसकेको छ । 'मन्त्रालयको मिति ०८० कार्तिक १५ को निर्णयानुसार निजामती सेवा ऐन, २०४९ को दफा १५९१० बमोजिम तपाईलाई देहाय अनुसार पदस्थापन गरिएको', गृह मन्त्रालयको निजामती कर्मचारी प्रशासन शाखाले सोही मितिमा ४-३७१ चलानी नम्वर उल्लेख गरी पत्र पठाएको छ । तर, एक महिना भन्दा बढी समय भइसक्दा पनि कार्यालय प्रमुख पण्डितले रमाना लिन मानेका छैनन् ।

सरुवा भएको झण्डै एक महिना भइसकेपनि रमाना नलिएको सन्दर्भमा दैनिकले फोन मार्फत प्रमुख पण्डितसँग जिज्ञासा राख्दा उनले जवाफै नफर्काई फोन काटे ।

# राजविराज कारागारका महिला कैदीबन्दीलाई सेनेटरी प्याड




**दैनिक समाचारदाता राजविराज, २२ मंसिर ।**

राजविराज कारागारमा बन्दी जिवन बिताइरहेका महिला कैदीबन्दीहरुलाई सेनेटरी प्याड वितरण गरिएको छ ।

शुक्रबार लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तरगत १४ औं दिन तथा पाँचौ अन्तराष्ट्रिय महिला महिनावारी दिवसको अवसर पारेर लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल सप्तरीको अगुवाई तथा अधिकार, न्याय र समाजिक क्षेत्रमा आबद्ध विभिन्न संघ संस्थाको सहयोगमा महिला कैदीबन्दीलाई सेनेटरी प्याड वितरण गरिएको हो ।

कारागारमा हाल २३ जना महिला कैदीबन्दी छन् । विभिन्न मुदामा सजाय भोग्दै आएका महिला कैदीबन्दीहरुलाई एक कार्यक्रमको आयोजना गरि महिनावारी भएको बेला गरिने सरसफाईबारे सचेतनासंगै सेनेटरी प्याड वितरण गरिएको कार्यक्रमका सहयोगी संस्था मध्येका एक महिला सचेतना समाज सप्तरीकी अध्यक्ष सुनिता साहले बताईन ।

महिनावारीको समयमा आउने समस्या र सो समयमा आवश्यक्ता अनुसार गरिने सरसफाईबारे सचेतना बाड्नुका साथै उनीहरुको समस्या बारे समेत जानकारी लिने काम भएको उनले जानकारी दिएकी छिन् । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत भईरहेको विभिन्न कार्यक्रमका लागी सामुदायीक सेवा केन्द्र, महिला सुरक्षा समूह, नारी उत्थान, पारालिगल, आसमान नेपाल, ओसीएमसी लगायतका संघ संस्थाले पनि सहयोग गरिरहेको मूल आयोजक लैङ्गिक हिंसा नियन्त्रण संञ्जाल सप्तरीले जनाएको छ ।

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनको प्रमुख अतिथ्य तथा चेतना समाजका अध्यक्ष सुनिता साहको अध्यक्षतामा आयोजित सचेतना तथा सेनेटरी प्याड वितरण कार्यक्रममा सामुदायिक सेवा केन्द्रका धीरेन्द्र दास, महिला सुरक्षा समुहका ललित कर्ण, पारालिगलका ज्ञानु भट्टराई, आसमान नेपालका शान्ता सिंह, ओसीएमसीका मनिषा सिमखडा लगायतले महिनावारीका

*बाँकी अन्तिम पृष्ठमा*

**शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं**

- दिसापिसाब शौचालयमा मात्र गरौं, खुल्ला स्थानमा दिसापिसाब नगरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले हात धोऔं।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
- सफा कपडा वा तौलियाले हात पुछौं।

जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तीनै तहमा महिला जनप्रतिनिधिको संख्या बढाउन आग्रह

काठमाडौँ, २२ मङ्सिर (रासस)।

निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेशकुमार थपलियाले संविधान र कानुनमा उल्लेखित व्यवस्थानुसार राज्यका तीन वटै तहमा महिला सहभागिता वृद्धिका लागि राजनीतिक दलहरु नै बढी सजग हुनुपर्ने बताउनुभएको छ ।

लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानअन्तर्गत अन्तरपार्टी महिला सञ्जालले निर्वाचनसम्बन्धी एकीकृत कानुनको प्रस्तावित विधेयकमाथि शुक्रबार आयोजित छलफलमा प्रमुख आयुक्त थपलियाले संविधानमा राज्यका सबै तहमा ३३ प्रतिशत महिलाको सहभागिता अनिवार्य भनेको र स्थानीय तहका प्रमुख र उपप्रमुखमा एक महिला अनिवार्य हुने मर्म बोके पनि राजनीतिक दलले गठबन्धन गरेर निर्वाचन लडेकाले दुवै पदमा पुरुष जितेका धेरै उदाहारण रहेको जनाउनुभयो ।

प्रमुख आयुक्तले राष्ट्रपति र उपराष्ट्रपतिमध्ये एकमा फरक लिङ्ग र समुदाय हुनुपर्ने कानुनी व्यवस्थालाई आयोगले व्याख्या गर्दा त्यसरी व्याख्या नगरिदिन कतिपय महिला नेत्री र अधिकारकर्मीले नै आग्रह गरेको स्मरण गर्दै अधिकारको वकालत भाषणमा मात्र नभइ व्यवहारमा पनि गर्न आग्रह गर्नुभयो ।

निर्वाचन आयुक्त डा जानकीकुमारी तुलाधरले दिगो विकासको लक्ष्य प्राप्तिका लागि स्थानीय तहमा ४२, प्रदेश तहमा ३६ र सङ्घीय संसद्मा ३३ प्रतिशत महिला अनिवार्य प्रतिनिधित्व हुनुपर्ने भएकाले संविधान र कानुनी व्यवस्थालाई कार्यान्वयन र संशोधनबाट लक्ष्य हासिल गर्नुपर्ने बताउनुभयो । उहाँले नेपालको संविधानको विभिन्न धारा र राज्यका निर्देशक सिद्धान्तका व्यवस्थाको मर्मलाई आत्मसाथ गरेको निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तयार गरिएको जनाउनुभयो । कार्यक्रममा महिला नेत्री र अधिकारकर्मीले स्थानीय तहका वडाका ५० प्रतिशत महिला निर्वाचित गराउन, अध्यक्ष र उपाध्यक्षमा अनिवार्य महिला विजयी गराउन, निर्वाचनमा महिलाको समग्र सहभागिता बढाउन माग गर्नुभएको थियो । सञ्जालका अध्यक्ष कल्याणी रिजालले वडाध्यक्षमा पनि ३३ प्रतिशत महिला सुनिश्चित हुनुपर्ने विधेयकको प्रस्तावना सकारात्मक रहेको बताउनुभयो ।

कार्यक्रममा नेत्रीहरु कमला पन्त, शशी श्रेष्ठ, ममता गिरीलगायतको सहभागिता थियो । आयोगले निर्वाचन व्यवस्थापनलाई अझ बढी स्वच्छ, निष्पक्ष, सहज र प्रभावकारी बनाउन संविधान, सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश तथा अन्तर्राष्ट्रिय अभ्यास र विगतका अनुभव तथा पृष्ठ पोषण समेतका आधारमा साविकको निर्वाचनसम्बन्धी कानुनमा परिमार्जन गरी 'निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक' नेपाल सरकार गृह मन्त्रालयमा पठाइसकेको छ । सो विधेयकमाथि नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७८ पुस १४ गते सैद्धान्तिक सहमति प्राप्त भएको थियो ।

विधेयकमा प्रतिनिधिसभा वा प्रदेशसभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दिँदा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने उल्लेख छ । यस्तै स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखमध्ये कम्तीमा एक जना महिला उम्मेदवार हुनुपर्ने, एउटा पदमा मात्र उम्मेदवारी दिँदा महिला उम्मेदवार दिनुपर्ने एवम् वडाध्यक्षको पदमा उम्मेदवारी दिँदा सम्बन्धित स्थानीय तहका सम्पूर्ण वडाध्यक्षमध्ये कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने उल्लेख छ ।

# प्राधिकरणले बेच्यो १५ अर्ब २४ करोडको बिजुली

काठमाडौँ, २२ मङ्सिर (रासस)।

यस वर्षको वर्षायाममा रु १५ अर्ब २४ करोड बराबरको विद्युत् भारततर्फ निर्यात गरिएको छ । नेपाल विद्युत् प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् यस वर्ष गत जेठ २८ बाट भारतीय बजारमा बिक्री सुरु गरेको थियो ।

प्राधिकरणले यस वर्षको जेठदेखि २० मङ्सिरसम्ममा एक अर्ब ७३ करोड ७१ लाख युनिट विद्युत् निर्यात गरी रु १५ अर्ब २३ करोड ८० लाख आर्जन गरेको हो । प्राधिकरणले यस अवधिमा दैनिक रूपमा अधिकतम सात सय मेगावाटसम्म विद्युत् निर्यात गरेको थियो । निर्यात गरिएको विद्युत्को औसत बिक्री दर प्रतियुनिट आठ रुपैयाँ ७७ पैसा छ ।

चालु आर्थिक वर्ष २०८०/८१ को साउनदेखि २० मङ्सिरसम्ममा रु १३ अर्ब २३ करोड ६७ लाखको विद्युत् निर्यात गरिएको छ । यस अवधिमा एक अर्ब ४७ करोड ६७ लाख युनिट विद्युत् निर्यात भएको छ । निर्यात गरिएको विद्युत्को औसत बिक्री दर प्रतियुनिट आठ रुपैयाँ ९६ पैसा छ ।

सुक्खायाम सुरु भएसँग खोला तथा नदीहरूमा पानीको बहाव घटी देशभित्रका जलविद्युत् गृहहरूबाट उत्पादन घट्न सुरु भएको छ । तर जाडोसँगै आन्तरिक माग बढेपछि त्यसलाई पूर्ति गर्न भारतीय बजारबाट विद्युत् आयात सुरु भएको छ । शुक्रबार रातिबाट विद्युत् निर्यात बन्द हुनेछ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले अहिले दैनिक रूपमा विद्युत्को अधिकतम माग एक हजार सात सय मेगावाटको हाराहारीमा रहेको र त्यसलाई पूर्ति गर्न आन्तरिक उत्पादनले मात्र नधान्ने हुँदा थोरै परिमाणमा विद्युत् आयात सुरु गरिएको बताउनुभयो ।

"अहिले विद्युत् उत्पादन र माग करिब करिब बराबरी छ, हाम्रा अर्धजलाशययुक्त विद्युत् गृहहरूमा दिउँसो र राति पानी जम्मा गरी साँझ र बिहानको पिक सययमा चलाइरहेका छौँ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो ।

"पिक समयमा आयात गर्दा विद्युत्को दर महँगो पर्छ भने दिउँसो र रातिको दर सस्तो पर्छ, त्यसैले देशभित्रका अर्धजलाशययुक्त आयोजनाहरूमा दिउँसो र राति पानी जम्मा गरी उक्त समयमा आयात गर्दा सस्तो दरमा पाइने विद्युत् थोरै परिमाणमा मात्र आयात सुरु गरिएको छ", उहाँले भन्नुभयो ।

उहाँले चैत र वैशाखमा विद्युत् आयातको परिणाम केही बढेता पनि यस वर्ष आयातभन्दा निर्यात बढी भई खुद निर्यातकर्ता बन्ने अवस्था प्रक्षेपण गरिएको जानकारी दिनुभयो । "आगामी वैशाखको दोस्रो हप्ताबाट विद्युत् निर्यात पुनः सुरु हुने छ । यस वर्ष करिब नौ सय मेगावाट राष्ट्रिय प्रसारण प्रणालीमा थपिँदैछ, त्यसैले अर्को वर्ष करिब रु २५ अर्बको विद्युत् निर्यात हुनेछ", घिसिङले थप्नुभयो, "दुई देशबीचको प्रसारण सञ्चालन सुधारका लागि ठूलो क्षमताका लाइनहरू बनिरहेका छन् भने देशभित्र पनि जलविद्युत् आयोजनाहरूको निर्माण भइरहेका छन् त्यसैले आगामी पाँच वर्षभित्रमा वार्षिक रूपमा करिब रु एक खर्ब बराबरको विद्युत् निर्यात हुने अवस्था बनिरहेको छ ।"

प्राधिकरणले जेठमा रु २१ करोड ६० लाख, असारमा रु एक अर्ब ७८ करोड ५३ लाख, साउनमा रु दुई अर्ब १४ करोड ७६ लाख र भदौमा रु तीन अर्ब ४७ करोड ८५ लाख बराबरको विद्युत् निर्यात गरेको छ । यसैगरी, असोजमा रु चार अर्ब १७ करोड ७७ लाख, कात्तिकमा रु दुई अर्ब ६९ करोड ७० लाख र २० मंसिरसम्ममा रु ७३ करोड ५९ लाख विद्युत् निर्यात गरी आर्जन भएको छ ।

प्राधिकरणले देशभित्र खपत गरी बचत भएको वर्षायामको विद्युत् भारततर्फ निर्यात गर्दै आएको छ । प्रााधिकरणले आइएक्सको डे-अहेड बजारमा प्रतिस्पर्धामार्फत र मध्यकालीन विद्युत् सम्झौताबमोजिम करिब एक सय १० मेगावाट विद्युत् भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि-एनभिभिएनलाई बिक्री गरिरहेको थियो । एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरेको थियो ।

भारतको केन्द्रीय विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा निर्यातका लागि स्वीकृति दिइएकै पाँच सय २२ मेगावाटमध्येबाट पहिलो चरणमा करिब ४४ मेगावाट विद्युत् रियल टाइम मार्केटमा बिक्रीलाई पनि अनुमति दिएको छ । नेपाल विद्युत् प्राधिकरणले प्रतिस्पर्धी बजारमा पाँच सय ४७ मेगावाट र एनभिभिएनलाई एक सय १० मेगावाट गरी छ सय ५७ मेगावाट विद्युत् निर्यातका लागि स्वीकृति पाएको छ ।


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
**कन्सलटेन्ट फिजिसियन**

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
**जेनरल सर्जन**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569



## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**
- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**
- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**रुपनी गाउँ कार्यपालिकाको कार्यालय**
**रुपनी, सप्तरी**

# मुस्ताङबाट ४९ करोडको स्याउ निकासी

म्याग्दी, २२ मङ्सिर (रासस)।
मुस्ताङबाट यस वर्ष रु ४९ करोडभन्दा बढी मूल्यको स्याउ निकासी भएको छ।
स्याउ मुस्ताङबाट निकासी हुने प्रमुख कृषि उपज हो। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको मुस्ताङस्थित स्याउ जोन कार्यालयले यस वर्ष उत्पादन भएको ९० प्रतिशत स्याउ बजारमा निकासी भइसकेको जनाएको छ।
स्याउ जोन मुस्ताङका प्रमुख नेत्रप्रसाद भट्टले जिल्लाभर चार हजार नौ सय ७५ मेट्रिक टन स्याउ उत्पादन भएको मध्ये चार हजार चार सय ७७ दशमलव पाँच मेट्रिक टन स्याउ देशका विभिन्न ठाउँमा निकासी भएको बताउनुभयो।
"मुस्ताङमा फलेको मध्ये ९० प्रतिशत स्याउ बजारमा निकासी भइसकेको छ", उहाँले भन्नुभयो, "करिब पाँच सय मेट्रिक टन स्याउ बेमौसममा बिक्री गर्न चिस्यान गृहमा राखिएको छ।" कृषकले बिक्री गरेको सरदर प्रतिकिलो रु एक सय १० का दरले हिसाब गर्दा रु ४९ करोड २५ लाख २५ हजार मूल्य बराबरको स्याउ निकासी भएको स्याउ जोन कार्यालयले जनाएको छ।
म्याग्दी, बागलुङ, पोखरा, चितवन, बुटवल, काठमाडौँलगायत सहरका व्यापारीले बगैँचामा नपाक्दै अग्रिम पैसा दिएर ठेक्कामा स्याउ खरिद गर्दछन्। मुस्ताङ घुम्न आउने पर्यटकले पनि कोसेलीका रूपमा स्याउ किनेर लैजाने गर्छन्। धादिङबाट स्याउ खरिद गर्न मुस्ताङ पुगेका व्यापारी शिवाङ तामाङले बेनी, बागलुङ र पोखराका बजारमा मुस्ताङको स्याउको माग उच्च हुने गरेको बताउनुभयो। पातलो फले पनि दाना ठूला र स्वादिष्ट रहेको उहाँले बताउनुभयो।
बिक्री नहुने साना दाना भएका स्याउ मदिरा र सुकुटी बनाउन प्रयोग हुन्छन्। मुस्ताङमा रेडडेलिसियस, रोयल डेलिसियस, रिचारेड डेलिसियस र गोल्डेन डेलिसियस जातका स्याउ खेती गरिएको छ। मुस्ताङको एक हजार चार सय ७५ हेक्टर क्षेत्रफलमा स्याउ खेती भएकामा पाँच सय ८० हेक्टर क्षेत्रफलमा लगाइएका स्याउका बोटले उत्पादन दिने गरेको छ। करिब ३८ हेक्टर क्षेत्रफल जमिनमा इटलीबाट ल्याइएको उच्च घनत्वको स्याउ खेती गरिएको छ।
गत वर्ष मुस्ताङमा छ हजार छ सय मेट्रिक टन स्याउ उत्पादन भएकामा यसपालि २४ दशमलव ५८ प्रतिशतले उत्पादन घटेको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख प्रकाश बस्ताकोटीले बताउनुभयो। "फूल खेलेर परागसेचन हुने समयमा धेरै वर्षा हुँदा फूलबाट स्याउको दाना कम लागेकाले उत्पादन घटेको हो", उहाँले भन्नुभयो, "स्याउको फूल फुल्ने समय वैशाख-जेठ महिनामा वर्षाले स्याउ बोटमा परागसेचन (पोलिनेसन)हुन नपाउँदा उत्पादनमा असर परेको हो।"
केन्द्रले मुस्ताङका पाँचवटै स्थानीय तहका स्याउ बगैँचामा क्रम कटिङ विधिबाट उत्पादकत्वको विवरण सङ्कलन गरेर तथ्याङ्क बनाएको जनाएको छ। थासाङ गाउँपालिकाको कूल एक सय आठ हेक्टरमा पाँच सय ५१ दशमलव ८८ मेट्रिक टन, घरपझोङ गाउँपालिकाको दुई सय ८२ हेक्टर क्षेत्रफलमा दुई हजार चार सय दुई दशमलव ६४ मेट्रिक टन, वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको एक सय ८३ हेक्टर क्षेत्रफलमा एक हजार नौ सय २३ दशमलव ३३ मेट्रिक टन, लोघेकर दामोदरकुण्ड गाउँपालिकाको १२ हेक्टरमा ९५ मेट्रिक टन र लोमान्थाङ गाउँपालिकाको शून्य दशमलव २५ हेक्टर क्षेत्रफलमा एक दशमलब ९९ मेट्रिक टन स्याउ उत्पादन भएको छ।
गत वर्ष रु पाँच करोड मूल्यको स्याउ बिक्री गरेका घरपझोङ गाउँपालिका-२ स्याङका किसान कर्म गुरुङले यस वर्ष रु तीन करोडको मात्र स्याउ बिक्री भएको बताउनुभयो। उहाँको बगैँचामा एक हजार पाँच सय बोट स्याउले उत्पादन दिन्छ। स्याउ टिपेर बजार पठाएपछि मुस्ताङका किसान बगैँचामा व्यवस्थापनमा जुटेका छन्।
सडक यातायातको सुविधासँगै सहज बजार र राम्रो मूल्य पाउन थालेपछि मुस्ताङका किसान स्याउ खेतीमा आकर्षित भएका छन्। कृषि ज्ञान केन्द्र कार्यालयका अनुसार गत वर्षसम्म कूल एक हजार चार सय ७५ हेक्टर जमिनमा स्याउ खेती गरिएको थियो। यस वर्ष २० हेक्टर क्षेत्रफलमा स्याउ खेती विस्तार भएको छ। कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको स्याउ जोन र स्थानीय तहको कृषि शाखाले अनुदानमा स्याउका बिरुवा वितरण, स्याउ राख्ने प्याक सहयोग, सिँचाइ, चिस्यान गृह निर्माणलगायत काममा किसानलाई सहयोग गरेका छन्।


# साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो। फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन्। सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ। मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष झैं कुराकानी गर्न पाएका छन्। तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ। जसलाई साइबर अपराध भनिन्छ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ। विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ। इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने,कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो। त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ। यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन। प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ। त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर ब्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ। प्रमाणको रुपमा स्क्रीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ। यसबाहेक साइबर ब्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन्। काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ। विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ। प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ। अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ। आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ। अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ। अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ। अपराधको प्रकृति र कसूरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ। पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ।

**निष्कर्ष:**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन्। पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ। साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ। अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ। आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ।

जनहितका लागि
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


## विश्व समाचार

### अमेरिकी निर्यात नियन्त्रण नीतिको चीनद्वारा विरोध

बेइजिङ, २२ मङ्सिर (रासस-सिन्ह्वा)।
अमेरिकी निर्यात नियन्त्रण नीतिको चीनले विरोध गरेको छ।
चीनका विरुद्ध निर्यात नियन्त्रण नीतिको दुरुपयोग गर्ने र आपसी लगानीमा प्रतिबन्ध लगाउने लगायतका अमेरिकी कदमको चीनले दृढतापूर्वक विरोध गरेको चिनियाँ वाणिज्य मन्त्रालयका प्रवक्ता हे यादोङले उल्लेख गर्नुभएको छ।
सेमिकन्डक्टर र अत्याधुनिक प्रविधिहरूमा चीनको पहुँचमा प्रतिबन्ध लगाउन आग्रह गर्ने अमेरिकी वाणिज्य मन्त्री जीना रेमन्डोको हालै सार्वजनिक टिप्पणी बारे सोधिएको पत्रकारहरूको प्रश्नको जवाफमा उहाँले सो टिप्पणी गर्नु भएको हो।
चीन-अमेरिका सम्बन्धका प्रतिस्पर्धात्मक पक्षहरूलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न दुवै राष्ट्र प्रमुखहरू सहमत भएको सन्दर्भ उल्लेख गर्दै उहाँले सान फ्रान्सिस्को शिखर सम्मेलनमा भएको सहमतिलाई कार्यान्वयन गर्न सम्बन्धित अमेरिकी पक्षले चीनसँग मिलेर काम गर्ने आशा पनि व्यक्त गर्नु भएको छ।
अमेरिकी पक्षको नियन्त्रणका प्रतिबन्धात्मक उपायहरू राष्ट्रिय सुरक्षाको अवधारणाको सामान्यीकरण हो भनेर चीनले बारम्बार औँल्याएको छ। यस्ता प्रतिबन्धात्मक उपायहरूले बजारका सामान्य नियम एवं अन्तरराष्ट्रिय आर्थिक र व्यापार व्यवस्थालाई कमजोर पार्ने र विश्वव्यापी औद्योगिक र आपूर्ति शृङ्खलाको स्थिरतालाई समेत थप खतरामा पार्ने मन्त्रालयका प्रवक्ताको दाबी छ।
यस्ता प्रतिबन्धात्मक उपायहरूले चीनको विकासलाई नरोक्ने तर अमेरिकी कम्पनीहरूले चिनियाँ बजार गुमाउन सक्ने खतरा रहेको उहाँले औँल्याउनु भएको छ।
साथै चीनले यस किसमका प्रवृत्ति र प्रभावलाई नजिकबाट नियाल्ने र आफ्नो अधिकार संरक्षणका लागि भने दृढतापूर्वक उभिने प्रवक्ता हेको तर्क छ।

### भारी हिमपातका कारण हङ्गेरीमा जनजीवन प्रभावित

बुडापेस्ट, २२ मङ्सिर (रासस-सिन्ह्वा)।
बुधबार साँझदेखि सुरु भएको भारी हिमपातले मध्य र पश्चिमी हङ्गेरीमा बिहीबारसमेत जनजीवन नराम्ररी प्रभावित भएको छ।
राष्ट्रिय प्रकोप व्यवस्थापन महानिर्देशनालयले बिहीबार दिएको जनाकारी अनुसार देशका विभिन्न स्थानबाट जनजीवन प्रभावितका घटनाहरू प्राप्त भएका छन्। साथै ठाउँ-ठाउँमा रूखहरू ढलेकोर हाँगा भाँच्चिएर सडक आवागमनसमेत अवरुद्ध भएको विवरणहरू प्राप्त भएका छन्।
नियमितरूपमा सञ्चालन हुने रेल र बस सेवाहरू लामो समयसम्म विलम्ब भएका छन्। ठाँउ ठाँउमा अवरुद्ध पनि भएका छन्। हङ्गेरियन समाचार एजेन्सी एमटीआईले जनाएअनुसार बसहरू लामो समयसम्म सडकमै फसेका छन्।
त्यसैगरी देशको पश्चिमी र उत्तरपूर्वी भागहरूमा रेल सेवा पनि अवरुद्ध भएका छन्।
राजधानी बुडापेस्टमा म्युनिसिपल मेन्टिनेन्स कम्पनी (एफकेएफ) ले अहिले अवरोध पन्छाउँदै सडक सफा गरिरहेको जनाइएको छ।
पुल, ओभरपास, राजमार्ग र ठूला यातायातका मुख्य प्रवेशद्वार खाली गर्ने कामलाई प्राथमिकतामा राखिएको स्थानीय निकायले जनाएका छन्।
उडानमा ढिलाइ हुँदा विमानस्थलहरूमा पनि यात्रुहरूको चाप बढिरहेको स्थानीय सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन्।

### बीस देशका पर्यटकलाई इन्डोनेसियाको 'फ्रि भिसा'

जाकार्ता, २२ मङ्सिर (रासस-सिन्ह्वा)।
इन्डोनेसियाली सरकारले विदेशी पर्यटकहरूलाई आकर्षित गर्ने उद्देश्यले चीनलगायत २० देश र त्यस क्षेत्रका पर्यटकहरूका लागि 'फ्रि भिसा' नीति लागू गर्न लागेको छ। पर्यटनमन्त्री सान्डियागा उनोले बिहीबार सो नीतिबारे जानकारी गराउनुभएको हो।
"फ्रि भिसा नीति आर्थिक प्रभाव, पारस्परिकताको सिद्धान्त र सुरक्षा पक्षसहित केही अन्य विचारहरूमा आधारित छ", युनोले जकार्तामा इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोसँगको भेटपछि पत्रकार सम्मेलनमा सो कुरा बताउनुभएको हो।
आधिकारिकरूपमा लागू गर्नुअघि सो नियमावलीलाई एक महिना अगाडि नै अन्तिम रूप दिने उहाँले जानकारी गराउनुभएको छ। इन्डोनेसियाले सन् २०२४ मा १ करोड ४० लाख विदेशी पर्यटकहरू भित्र्याउने गर्ने लक्ष्य राखेको छ। यदि त्यसो भएमा देशको अर्थतन्त्रमा २०० ट्रिलियन रुपैयाँसम्म योगदान पुग्नसक्ने अपेक्षा गरिएको छ।
"आशा छ हामीले सो लक्ष्यमा पुग्न पर्यटक आगमनको सङ्ख्या बढाउन सक्छौं। विशेष गरी उच्च खर्च गर्ने पर्यटकहरूलाई लक्षित गरेर स्थानीय अर्थतन्त्र सुधार गर्न सक्छौं, "युनोले भन्नुभएको छ।

# प्रतिष्ठान निर्माणमा दबाब दिन सुरु गरिएको हस्ताक्षर अभियान तेश्रो दिन पनि जारि




**दैनिक समाचारदाता**
**राजविराज, २२ मंसिर ।**

सप्तरीको राजविराज नगरपालिका १० बिरौलमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्य सुरु गर्न माग गर्दै आन्दोलनरत युवाले सुरु गरेको १० हजार हस्ताक्षर संकलन गर्ने अभियान तेश्रो दिनपनि जारि छ।

सप्तरी युथ नेपालले दोस्रो चरणको आन्दोलन कार्यक्रमअन्तर्गत हस्ताक्षर अभियान सुरु गरेको हो।

सवा दुई वर्षअघि शिलान्यास गरेर अलपत्र अवस्थामा छाडिएको सो प्रतिष्ठानको निर्माण कार्य सुरु गर्नुपर्ने मागसहित आन्दोलमा उत्रिका युवाले हस्ताक्षर अभियान सात दिनसम्म चलाउने आन्दोलन परिचालन समितिका संयोजक सत्येन्द्र यादवले बताए।

हस्ताक्षर अभियानबाट पनि माग उपर सुनवाइ नभए तेस्रो चरणको आन्दोलनका थप कार्यक्रमहरू घोषणा गरिने आन्दोलन परिचालन समितिका संयोजक यादवले जानकारी दिनुभयो। प्रतिष्ठान निर्माणको काम अविलम्ब सुरु गर्न माग गर्दै युवाले यसअघि पहिलो चरणमा र्‍याली, सिट्ठी जुलुस, धर्ना, दिउँसै टर्च बालेर प्रदर्शन लगायतका कार्यक्रम गरिसकेका छन्।

प्रतिष्ठान निर्माण सुरु गर्न माग गर्दै विगत ५८ दिनदेखि सप्तरीको राजविराज नगरपालिका-१० बिरौलमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माणस्थलमा नै स्थानीयले रिले अनशनसलाई निरन्तरता दिइरहेका छन्। सरकारले अझै चासो नदेखाएको भन्दै युवाले पनि चरणबद्ध आन्दोलनका कार्यक्रम गर्दै सरकारमाथि दबाबको प्रयास थालेका हुन्।

हस्ताक्षर अभियानको तेश्रो दिन ४ हजार ५ सय जनाले समर्थन जनाई ब्यानरमा हस्ताक्षर गरेको सप्तरी युथ नेपालका कार्यवाहक अध्यक्ष मोहनकुमार यादवले जानकारी दिए।

# एनसेलको शेयर खरिद-बिक्रीबारे छानविन गर्न समिति गठन

काठमाडौँ, २२ मङ्सिर (रासस)।

सरकारले एनसेलको शेयर खरिद-बिक्री प्रकरण सम्बन्धमा अध्ययन तथा छानबिन गर्न समिति गठन गरेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले शुक्रबार यहाँ आयोजित पत्रकार सम्मेलनमा शेयर खरिद-बिक्रीको निर्णय सम्वन्धमा प्रचलित कानूनको परिचालनाको विषय, राजस्व र नेपालमा वैदेशिक लगानीमा पर्न सक्ने असरलगायतका विषयमा अध्ययन तथा छानविन गर्न समिति गठन गरिएको जानकारी दिनुभयो। समितिलाई ३० दिनको समय दिइएको छ।

पूर्व महालेखापरीक्षक टङ्कमणि शर्मा (दङ्गाल)को संयोजकत्वमा सरकारका सचिव फणिन्द्र गौतम, सहसचिव बाबुराम भण्डारी, सहसचिव नितेशकुमार शाक्य, आइक्यान परिषद्का अध्यक्ष सुजनकुमार काफ्ले सदस्य रहने गरी समिति गठन गर्ने निर्णय भएको हो। समितिले शुक्रबारैबाट कामको सुरु गरिसकेको छ।

### *राजविराज कारागारका ...*

वेला अपनाउनु पर्ने आवश्यक सर्तकता र सरसफाई बारे महिला कैदीबन्दीहरुलाई शिक्षा दिएका थिए।

१६ दिने अभियान अन्तर्गत अहिले जिल्लामा लैङ्गिक हिंसा न्युनिकरण, महिला सशक्तीकरण र सचेतना सम्बन्धि विशेष कार्यक्रमहरु संचालनमा रहेको लैङ्गिक हिंसा नियन्त्रण सञ्जाल सप्तरीले जनाएको छ।

# राजबिराज च्याम्पस पहिलो च्याम्पियन




**दैनिक समाचारदाता**
**राजबिराज, २२ मंसिर ।**

राजविराज च्याम्पस पाँचौ महिनावारी दिवसको अवसरमा आयोजित जिल्ला स्तरीय महिला क्रिकेट प्रतियोगिताको च्याम्पियन बनेको छ।

सबल नेपालको मुख्य आयोजना तथा सप्तरी क्रिकेट संघको समन्वयमा राजबिराजस्थित पबिमाबिको क्रिकेट मैदानमा शुक्रबार सम्पन्न फाइनल खेलमा खडक क्वीनलाई ६ बिकेटले पराजित गर्दै राजबिराज च्याम्पस च्याम्पियन बनेको हो।

राजबिराजले टस जितेर खडकलाई ब्याटिङको निम्तो दिएको थियो। खडकले निर्धारित २० ओभरको खेलमा ७ बिकेट गुमाई ९५ रनको योगफल तयार पारेको थियो। जसमा मन्जु रामले १५ रनको योगदान दिएकी थिइन् भने अन्य कुनै खेलाडीले दोहोरो अंक छुन सकेनन्।

बलिङतर्फ राजबिराजकी साक्षि यादवले ४ ओभरमा १७ रन दिई ३ बिकेट, आकृती मण्डलले २ तथा दिपा राम र सितल चौधरीले १/१ बिकेट लिएकी थिइन्।

९६ रनको लक्ष्य लिई मैदानमा ओर्लेको राजबिराजले १७ ओभर ४ बलमा ४ बिकेटको नोक्सानीमा प्राप्त गरेको थियो। कप्तान साक्षि यादवले ३४ बलमा ७ चौक्काको मद्धतले ४० र निशु चौधरीले १७ रनको योगदान दिएकी थिइन्। बलिङतर्फ खडककी मन्जु राम र सन्तोषि चौधरीले १/१ बिकेट लिइन् भने दुई खेलाडी रन आउट भए।

खेलको म्यान अफ द म्याच राजबिराजकी साक्षि यादव, प्रतियोगिताको उत्कृष्ट ब्याटर खडककी अन्जली चौधरी, उत्कृष्ट बलर राजबिराजकी दिपा राम तथा प्लेयर अफ द सिरिज साक्षि यादव भइन्।

बिजेता खेलाडीलाई सप्तरी क्रिकेट संघका अध्यक्ष आयुश श्रेष्ठ, खडक नगरपालिकामा नगर प्रमुख जयप्रकाश चौधरी, सबल नेपालका सिनियर म्यानेजर अशोक शाह, परमेश्वर झा, नेपाली राष्ट्रिय टिमका प्रमुख छनौटकर्ता दिपेन्द्र चौधरी, आईसिसि ट्युटर सारा बेग, पत्रकार मनोहर पोखरेल लगायतले पुरस्कार बित्तरण गरेका थिए।

यसैबीच नेपाली राष्ट्रिय क्रिकेट टिमका मुख्य छनौटकर्ता दिपेन्द्र चौधरीलाई सबल नेपाल र सप्तरी क्रिकेट संघले संयुक्त रुपमा सम्मान गरेको छ। उनी संगै मेलवर्न क्रिकेट क्लबबाट आएका ६ बिदेशी प्रशिक्षकहरुलाई समेत सम्मानित गरिएको छ।

# १४ किलो सुन प्रकरणको छानबिन गर्न समिति

काठमाडौँ, २२ मङ्सिर (रासस)।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट गएराति बरामद गरिएको करिब १४ किलो सुन छानबिन गर्न भन्सार विभागले शुक्रबार छ सदस्यीय छानबिन समिति गठन गरेको छ।

त्रिभुवन विमानस्थल भन्सार कार्यालय प्रमुख भन्सार अधिकृत मणिराम पौडेलको नेतृत्वमा उक्त समिति गठन गरिएको प्रमुख भन्सार प्रशासक डा टोकराज पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार उक्त समितिमा प्रहरी नायब उपरीक्षक प्रकाश सुवेदी, भन्सार अधिकृत डिल्लुप्रसाद शर्मा, भन्सार अधिकृत प्रकाश निरौला, शाखा अधिकृत मञ्जु थापा र भन्सार अधिकृत लोकराज ढुङगाना समेत रहनुभएको छ।

फ्लाई दुबईको उडान नम्बर एफजेड-५७३ बाट बिहीबारराति ११:४० बजे काठमाडौँ उत्रेका गोरखाका चन्द्र घलेलाई विशेष सुराकीका आधारमा करिब १४ किलो परिमाणको सुनसहित भन्सार विभागको टोलीले पक्राउ गरेको थियो। चन्द्र घले र उक्त कार्यमा संलग्न गोरखा बारपाकका मीनबहादुर घलेलाई समेत प्रहरीले पक्राउ गरेको छ।

# महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, कठौना, सप्तरी**

# विदेशमै उत्पादित आलु, प्याज र स्याउमा भ्याट नलाग्ने

काठमाडौँ, २२ मङ्सिर (रासस)।

आन्तरिक राजस्व विभागले नेपालमै उत्पादन भएका आलु, प्याज, स्याउलगायत उत्पादनमा मूल्य अभिवृद्धि कर (भ्याट) नलाग्ने स्पष्ट पारेको छ। विगतमा भ्याट छुट दिइँदै आएका केही वस्तुमा चालु आर्थिक वर्षको बजेटमार्फत् सरकारले उक्त छुट सुविधा कटौती गरेको थियो।

सरकारले आयातित आलु, प्याजमा मात्रै भ्याट छुट खारेज गरेको बताए पनि आन्तरिक उत्पादनमासमेत भ्याट लाग्न थालेको भन्दै कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका व्यापारी विरोधमा छन्। विरोधस्वरुप कालीमाटीका होलसेल व्यापारीले आलु, प्याजको आयात तथा बिक्री रोकेपछि बजारमा अभाव र चर्को मूल्यवृद्धि देखिएको छ। तर आन्तरिक राजस्व विभागले भने शुक्रबार एक सूचना जारी गर्दै आन्तरिक उत्पादनमा भ्याट नलाग्ने स्पष्ट पारेको छ।

"आलु प्याजलगायत नेपालमा उत्पादन हुने कृषिजन्य वस्तुमा मूल्य अभिवृद्धि कर (भ्याट) लागेकाले बजारमा सहज आपूर्ति हुन नसकेको भन्ने विभिन्न सञ्चार माध्याममा आएका समाचारप्रति यस विभागको ध्यानाकर्षण भएको छ", विभागको सूचनामा भनिएको छ, "आन्तरिक कृषिजन्य उत्पादनलाई प्रवर्द्धन तथा संरक्षण गर्ने नेपालको नीतिअनुरुप नेपालमा उत्पादन भएका आलु, प्याज, तथा स्याउमा मूल्य अभिवृद्धि कर नलगाइएको तथा नलाग्ने व्यहोरा सरोकारवाला सबैमा यस सूचनाद्वारा जानकारी गराइन्छ।"

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*